# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ११२ | बुटवल | २०८२ बैशाख ०६, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Apr. 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**जन्म दर्ता गर्न आवश्यक कागजात**

-आमा वा बाबुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
-सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
-स्वास्थ्य संस्था, अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाण ।
-घरमा जन्म भएको हकमा खोप कार्ड,
-बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन ।

नेपाल सरकार विज्ञापन बोर्ड


# बुटवलको सनराइज सहकारी सूचना टाँसेर बन्द






**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवलस्थित सनराइज बहुउद्देश्यीय सहकारी संस्थाले बचतकर्ताको ठूलो रकम संकलन गरेर बिचल्लीमा पारेको छ। बहुउद्देश्यीय सहकारीले बजार प्रतनिधि राखेर दैनिक लाखौं रकम संकलन गरे पनि त्यो रकम कहाँ लगानी गरेर समस्यामा आयो भन्ने केही खुलेको छैन । अहिले सहकारीका अध्यक्ष आकाश भट्टराई र कोषाध्यक्ष वसन्त भट्टराई सम्पर्कविहीन भएसँगै यसका बचतकर्ताको बिचल्ली भएको हो ।

०७८ सालमा लुम्बिनी प्रदेशमा दर्ता भएको बुटवलस्थित सनराइज बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष आकाश भट्टराई र कोषाध्यक्ष वसन्त भट्टराई सम्पर्कविहीन भएपछि चैत ३१ गतेदेखि सहकारीमा एक सूचना टाँस गर्दै बन्द भएको छ।

सहकारी दर्ता भएपछि ०७९ सालमा साधारणसभा गरेको पाइएको छ भने त्यसयता सम्बन्धित निकायमा सम्पर्कमा नआएर बजारबाट चार वर्षदेखि निरन्तर पैसा उठाउँदै आएकाले सो सहरकारीले नागरिकबाट कति रकम उठाएर ठगी गर्‍यो भन्ने यकिन छैन । बुटवल उप-महानगर वडा नं. ११ देवीनगरमा सञ्चालित सहकारीले बचतकर्ताको रकम कुम्लाएर कार्यालय बन्द गरेपछि अहिले बचतकर्ताहरु बिचल्लीमा परेका छन् ।

सहकारीले गत चैत ३१ गतेसम्म बजारबाट रकम उठाएर सोही दिन नै एक सूचना टाँस गरी सहकारी बन्द रहने जानकारी गराएको छ । कार्यालयको भित्तामा टाँसिएको सूचनामा सहकारीका अध्यक्ष आकाश भट्टराईले आर्थिक अपचलन गरी केही समयदेखि सम्पर्कमा नआएको, अध्यक्षको खोजी जारी रहेको र पछिल्लो समयमा कर्मचारीको भरमा बजारलाई चलायमान बनाउनका लागि बचतकर्ताबाट असहज परिस्थिति सृजना भएको भन्दै गत चैत ३१ गतेको मितिमा सूचना टाँसिएको पाइएको छ।

सूचनामा बचतकर्तालाई अध्यक्षको खोजी गर्न आवश्यक पहल गर्नसमेत अपील गरिएको छ । सहकारीले कार्यालयमा सूचना टाँस गरी सहकारी बन्द गरेको आन्तरिक रुपमा हल्ला भएपछि आफ्नो बचत रकम लिनका लागि कार्यालयमा आएकी बुटवल उप-महानगरपालिका वडा नं. ७ दीपनगरकी स्मृति पाण्डे पौडेलले छोराछोरीको स्कूलको नास्तालाई कटौती गरी दैनिक जम्मा गरेको रकम लिन आउँदा सहकारी नै बन्द भएको देख्दा निकै पीडा भएको दुखेसो सुनाइन् । स्मृति जस्तै बुटवल उप-महानगरपालिका वडा नं.-११ देवीनगरकी तारा विश्वकर्माले पेटभरी खाई नखाई बचत गरेको रकम आवश्यक परेकोले लिन आउँदा कार्यालय नै बन्द गरिएको र पैसा उठाउने बहिनीहरुले समेत फोन उठाउन छाडेको दुखेसो पोखिन् ।

सहकारीले सूचना जारी गरी फरार भएको सम्बन्धमा लुम्बिनी प्रदेश सरकारका सहकारी रजिष्ट्रार मधुकृष्ण पौडेलले प्रदेश स्थापना भएपछि प्रदेशमा दर्ता भएका सहकारीहरुले ठगी गर्दै आएको बताउँदै नियत नै गलत राखेर सहकारी संस्था प्रदेशमा दर्ता हुने गरेको बताए ।

लुम्बिनी प्रदेशमा १ सय ३० वटा सहकारी दर्ता भएको र प्रदेशका १२ वटा जिल्लामा गरी प्रदेश सरकारअन्तर्गत सहकारी रजिष्ट्रारको कार्यालयले नियमन गर्ने ८ सय ४८ सहकारी रहेको, तर कर्मचारी न्यून भएकाले अनुगमन र नियमन कार्य प्रभावकारी हुन नसकेको रजिष्ट्रार पौडेलले जनाए । सनराइजबाट ठगिएका स्मृति र तारा एक उदाहरण पात्र मात्रै हुन् । उक्त सहकारीले कति रकम उठाएर फरार भयो भन्नेसमेत कहिँकतै अभिलेख भेटिँदैन । मंगलबार सहकारीमा पैसा लिन आएका बचतकर्ताहरु रित्तो हात फर्किन पुगेका छन् ।

सनराइज सहकारी बुटवल उप-महानगर वडा नं.-११ मा दर्ता भएर शुल्क लिएको छ, दर्ता गर्ने, तर कुनै अभिलेख नराख्ने स्थानीय तहका कारण पनि सहकारीको ठगी धन्दा मौलाउँदै गएको पीडितहरु बताउँछन् । सनराइज सहकारीका अध्यक्ष आकाश भट्टराई र कोषाध्यक्ष वसन्त भट्टराई मोबाइल अफ गरेर सम्पर्कविहीन रहेका छन् भने सहकारीका उपाध्यक्ष रमेश भट्टराई र सचिव लक्ष्मी अधिकारीले आफूहरुलाई सहकारीको बारेमा केही जानकारी नभएको केवल नातेदारले नागरिकताको फोटोकपी मागेकाले दिएको बाहेक अन्य कुरा थाहा नभएको गैरजिम्मेवारीपूर्ण जवाफ दिए ।

» बाँकी ३ पेजमा

## देउवा नै प्रधानमन्त्री हुनुपर्थ्यो : प्रचण्ड




कपिलवस्तु । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारको हरेक कदम जनता र राष्ट्रको विपक्षमा गएको आरोप लगाएका छन् । कपिलवस्तुको कृष्णनगरमा आयोजित जागरण सभालाई सम्बोधन गर्दै सरकार उल्टो बाटोमा हिँडिरहेको टिप्पणी गरे ।

उनले भने-'यो सरकारको काम भ्रष्टाचारीलाई कारबाही गर्नु होइन । रक्षा गर्नू काम हो । राम्रो काम गर्ने कर्मचारीलाई बर्खास्त गर्नु, नराम्रो काम गर्नेलाई खोजी खोजी पुरस्कार दिनु यो सरकारको काम हो । गएको केही महिनामै देखिसकेका छौं, कुलमानलाई अपमानजनक ढंगले हटाउने काम भयो । सरकारका हरेक क्रियाकलाप राष्ट्रको विपक्षमा गइरहेको छ ।'

उनले यो सरकार बनेपछि छिमेकीहरुसँगको सम्बन्ध कमजोर भएर अन्तर्राष्ट्रियस्तरमा नेपालको इज्जत कमजोर भएको जिकिर गरे । उनले संख्याको बलमा सरकारबाट हटाएको भन्दै आफूले विश्वासको मत लिएपछि ठूलो दलको हैसियतले कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुनुपर्ने दोहोऱ्याए ।

## सेजको संरक्षणमा चासो

भैरहवा । संघीय संसद् (प्रतिनिधि सभा) को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले शुक्रबार रुपन्देहीको रोहिणी गाउँपालिका-१ स्थित भैरहवा विशेष आर्थिक क्षेत्र (सेज) को स्थलगत अनुगमन गरेको छ। समितिले सेजमा रहेका उद्योगहरुको अनुगमन गर्दै यहाँ रहेका समस्याबारे जानकारी लिएको हो ।

अनुगमनपश्चात् विशेष आर्थिक क्षेत्र प्राधिकरणले समितिसँग विशेष आर्थिक क्षेत्रसम्बन्धी अन्तर्क्रिया कार्यक्रम गरेको छ । कार्यक्रममा समितिका सभापति अब्दुल खानले सेजको संरक्षण तथा यसलाई बचाइराख्नुपर्छ भन्ने निजी क्षेत्रको चासो सकारात्मक पक्ष भएको बताए ।

'राज्यले यसमा ध्यान दिनुपर्छ, उद्योगी-व्यवसायीको चासो र चिन्ता सकारात्मक छ,' उनले भने-'सेजमा लगानी गर्न हिचकिचाउनु हुँदैन । सेज हामी सबैको सम्पत्ति हो । तपाईंहरुको गुनासो र समस्या सरकारसमक्ष पुऱ्याउँछौं ।'

आयातलाई प्रतिस्थापन र निर्यातलाई प्रवर्धन गर्ने नीतिलाई सार्थकता दिनुपर्ने उनको भनाइ छ । सभापति खानले सेज अनुगमनका क्रममा उद्योगी, व्यवसायी, श्रमिकका समस्या बुझ्न पाइएको र कतिपय गुनासो र समस्या कानुनमार्फत् सम्बोधन गर्नुपर्ने बताए । 'सेजलाई सबै मिलेर जर्गेना गर्नुपर्छ, यहाँका समस्या समाधानका लागि समितिमार्फत् पहल गर्छौं ।'-उनले भने ।

त्यस्तै भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीले भन्सारका कारणबाट समस्या छ जस्तो नलागेको बताए ।

पञ्चकन्या समूहका महाप्रबन्धक देवेन्द्र साहूले सेजमा उद्योग सञ्चालन गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

» बाँकी ३ पेजमा

## लुम्बिनीको बजेट खर्चः ९ महिनामा ३९ प्रतिशत




**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेश सरकारको चालु आर्थिक वर्षको चैत मसान्तसम्म ३९ प्रतिशत खर्च गरेको छ । फागुन मसान्तसम्ममा ३१ प्रतिशत खर्च भएकोमा चैत महिना थप ८ प्रतिशत गरी ३९ दशमलव ७४ प्रतिशत पुऱ्याएको कोष तथा लेखा नियन्त्रण कार्यालयले लुम्बिनी प्रदेशले जनाएको छ।

प्रदेश सरकारले चालुतर्फ ४१.७६ र पुँजीगततर्फ ३८.५६ प्रतिशत रकम गरी चैत मसान्तसम्म कुल ३९ दशमलव ७४ प्रतिशत पुऱ्याएको हो । प्रदेशमा यो एक महिनामा चालुतर्फ ७ प्रतिशत र पुँजीतर्फतर्फ ९ प्रतिशत खर्च वृद्धि भएको देखिन्छ। किनकि फागुन मसान्तसम्म चालुतर्फ ३४ दशमलव ५७ र पुँजीगततर्फ २९ दशमलव ८२ प्रतिशत खर्च भएको थियो ।

लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ३८ अर्ब ९७ करोडको बजेट ल्याएकोमा यो ९ महिनाको अवधिमा र पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख बजेट रहेकोमा १५ अर्ब ४८ करोड ६९ लाख रुपैयाँ खर्च गरेको छ। जसमा पुँजीगततर्फ ९ अर्ब ४७ करोड ९६ लाख रुपैयाँ खर्च गरेको छ। त्यस्तै चालुतर्फ १४ अर्ब ३८ करोड ४१ लाख बजेट रहेकोमा ६ अर्ब ७२ लाख खर्च भएको छ।

कुन मन्त्रालयको कति खर्च ?

लुम्बिनी प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित १० मन्त्रालय छन् । जसमा यो नौ महिनाको अवधिमा कुल बजेटको सबैभन्दा धेरै स्वास्थ्य मन्त्रालयको खर्च भएको छ भने सबैभन्दा कम महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले कुल बजेटको १९ दशमलव ७९ प्रतिशत बजेट खर्च गरेको छ। आर्थिक मामिला मन्त्रालयले ४३ दशमलव ९३ प्रतिशत बजेट खर्च गरेको छ। उद्योग पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले २१.६९ प्रतिशत खर्च गरेको छ।

यस्तै ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले कुल बजेटको ३४.१५ प्रतिशत खर्च गर्दा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले भने ३ दशमलव १३ प्रतिशत खर्च गरेको छ।

कृषि तथा भूमि व्यवस्था मन्त्रालयले ३८.६५ प्रतिशत खर्च गरेको छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १५.६६ प्रतिशत खर्च गर्दा वन तथा वातावरण मन्त्रालयले ३४.१३ प्रतिशत, भौतिक पूर्वाधार मन्त्रालयले ३७.६९ खानेपानी पानी ग्रामीण तथा सहरी विकास मन्त्रालयलको ३९.७१ प्रतिशत खर्च छ भने सामाजिक विकास मन्त्रालयले ३०.१७ प्रतिशत खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले ६३.६२ प्रतिशत खर्च गरेको छ। खर्चको हिसाबले सबैभन्दा धेरै यही मन्त्रालयले गरेको छ।

लुम्बिनी प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय प्रमुख दीपक ज्ञवालीले भने-'यो गतिभन्दा तीव्र लानुपर्छ ।' लुम्बिनी प्रदेश सरकार प्रवक्ता दिनेश पन्थीले अब भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयलाई ठूला-ठुला भुक्तानी दिँदा खर्च धेरै देखिएको बताए। उनले केही समयपछि प्रदेश सरकारको काम देखिने पनि जनाए।





**नतिजा प्रकाशन तथा नयाँ शैक्षिक सत्र २०८२ का कार्यक्रमहरु**

नयाँ भर्नाका लागि फारम वितरण –वि.सं. २०८१ चैत्र २० गते शुक्रबार
शैक्षिक सत्र २०८१ को नतिजा प्रकाशन –वि.सं. २०८१ चैत्र २९ गते शुक्रबार
पुराना विद्यार्थीहरुको नाम दर्ता –वि.सं. २०८१ चैत्र २९ गते शुक्रबारदेखि २०८२ वैशाख ७ गते आइतबारसम्म
नयाँ भर्नाको लागि प्रवेश परीक्षा –वि.सं. २०८२ चैत्र ३१ गते आइतबार तथा वि.सं. २०८२ वैशाख ४ गते बिहीबार
प्रवेश परिक्षा समय –बिहान ११ बजेदेखि १ बजेसम्म
प्रवेश परीक्षामा तयारी गर्नुपर्ने विषयहरु –कक्षा के.जी. देखि ४ सम्म (नेपाली, अङ्ग्रेजी, गणित) तथा कक्षा ५ देखि कक्षा ९ सम्म (नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान)
प्रवेश परिक्षाको नतिजा प्रकाशन –प्रवेश परिक्षाकै दिन साँझ ५ बजे
कक्षा सञ्चालन –वि.सं. २०८२ वैशाख ८ गते सोमबारदेखि

थप जानकारीका लागि
फोन नं. ०७१-५३०५७०, ५३१३५४, ५३४५७०
नेटिस बोर्ड नं. १६१८०७१५४०५७०
Website: www.deepboarding.edu.np

दीप बोर्डिङ हाई स्कुल
बुटवल-८, सुरुक्षानगर
+2 Science & Management

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# लाहुरे

२०८२ बैशाख ०६, गते शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

म देखिरहेछु
निर्वस्त्र, नाङ्गा छन्
सेवक भनाउँदा मेरा मालिकहरू
म तिनीहरूको पेटभित्र
सिङ्गो देश देखिरहेछु
– कवि तीर्थ श्रेष्ठ

(‘नाङ्गाहरूको देश’ कविताबाट)

कथा

# पुसको रात

**प्रेमचन्द**

१

हल्कुले आएर स्वास्नीसँग भन्यो- “सहना आएको छ। खै, ले सँगालेको जति रुपियाँ त्यसलाई दिऊँ, आखिर पाशोबाट छुटकारा त पाइन्छ।”

मुन्नी कुचो लगाइरहेकी थिई। ऊ पछाडि फर्केर बोली- “जम्मा तीन रुपियाँ त छ, त्यही पनि दियौं भने कम्बल कहाँबाट आउँछ ? पुस-माघको रात खेतमा कसरी कट्छ ? अहिले छैन, बाली काटिसकेपछि दिउँला भनेर उसलाई भनिदेऊ।”

हल्कु एकछिन अनिश्चित अवस्थामा उभिइरह्यो। पुस नजीकै आइसक्यो, कम्बलविना ऊ राती खेतमा कुनै हालतमा पनि सुत्न सक्दैन। तर सहना पक्कै पनि मान्दैन, धम्की दिन थाल्छ, गाली गर्न थाल्छ। जे सुकै होस्, जाडोमा मरी त हालिन्न होला, यो आपत त हटेर जान्छ कि। यही सोच्दै ऊ आफ्नो ठूलो जीउ (जसले उसको नामलाई झुठो ठहराउँथ्यो) चलाउँदै स्वास्नीको नजीक गयो र चाप्लुसी गर्दै भन्न लाग्यो- “खै खै दिऊँ, कमसेकम पाशोबाट त गर्धन छुट्छ। कम्बलको लागि अर्को कुनै उपाय सोचूँला।”

मुन्नी उभन्दा पर हटी र आँखा तर्दै बोली- “गर्‍यौँ अर्को उपाय। के उपाय गर्छौ, सुनूँ त ? कसैले दानमा दिन्छ कि कम्बल ? अझ कति तिर्न बाँकी छ कुन्नि, जति तिरे पनि कहिल्यै चुक्ता हुँदैन। म त भन्छु- तिमी खेती किन छोड्दैनौ ? मरी मरी काम गर, बाली भयो भने बाँकी ऋण तिर, तब केही शान्ति हुन्छ। मानौँ, बाँकी चुकाउनको लागि मात्रै हाम्रो जन्म भएको हो। पेटको लागि बरु ज्यामी काम गर, यस्तो खेती चाहिएन। म रुपियाँ दिन्न, दिन्न।”

हल्कुले उदास भएर भन्यो- “त्यसो भए के गाली खाऊँ त ?”

तड्पिएर मुन्नीले भनी- “किन गाली खाने ? के त्यसको राज्य छ र ?” तर यति भनिसक्नासाथ उसका तन्किएका आँखीभौंहरू शिथिल भए। हल्कुले भनेको त्यो वाक्यमा जुन कठोर सत्य थियो, त्यसले कुनै डरलाग्दो जन्तुले जस्तै गरी उसलाई आँखा तरिरहेको थियो। उसले गएर खोपाबाट रुपियाँ झिकी र हल्कुको हातमा राखिदिई र फेरि बोली- “अबदेखि खेती छाडीदेऊ। ज्यामी काममा सुखसँग एउटा रोटी त खान पाइन्छ। कसैको धाक धम्की त सहनु पर्दैन। गजबको खेटी छ। ज्यामी भएर कमाको पैसा पनि यसैमा होमिदेऊ, त्यसमाथि पनि फेरि धम्की सहनुपर्ने।”

हल्कु रुपियाँ लिएर यसरी बाहिर गयो, मानौं ऊ आफ्नो मुटु झिकेर दिन गइरहेछ। उसले ज्यामी काम गरेर एक एक पैसा गर्दै कम्बलको लागि भनेर तीन रुपिया जम्मा गरेको थियो र त्यही रुपियाँ आज बाहिर गइरहेको थियो। पाइलैपिच्छे उसको शिर आफ्नो दरिद्रताको भारले थिचिएर झुक्दै गइरहेको थियो।

२

पुसको अँध्यारो रात। आकाशमा ताराहरू पनि जाडोले काँपिरहे जस्तो लाग्थ्यो। हल्कु आफ्नो खेतको छेउमा, उखुका पाटहरूको सानो झुप्रोमुनि बाँसको खाटमा आफ्नो पुरानो ओढ्ने जाडोले थर्‌थर् कामिरहेको थियो। खाटमुनि जवरा आफ्नो मुख लुकाएर जाडोले कुँ कुँ गर्दै कराइरहेको थियो। दुईमध्ये कुनै एकलाई पनि निद्र लागेको थिएन।

हल्कुले गर्धनलाई कुममा टाँस्दै भन्यो- “जवरा, जाडो लाग्यो ? भनेकै थिएँ नि घरमै परालमा सुतिराख् भनेर, मानिनस् यहाँ के खान आएको थिइस्, अब खा जाडो, के गरुँ म, यहाँ हलुवापुरीखान आइरहेको छु जस्तो गरी दौडिदैदौडिदै अघि-अघि आइस्, अब रो आफ्नी बुढ्यामालाई सम्झेर।”

जवराले सुतीसुती पुच्छर हल्लायो र आफ्नो कुँ कुँलाई लामो पार्दै एक पल्ट हाई काढेर चुप लाग्यो। मालिकलाई आफ्नो कुँ कुँले गर्दा निद्रा नलागेको कुरा शायद उसको कुकुर बुद्धिले थाहा पाइसकेको थियो। हल्कुले जवराको चिसो पिठिउँ सुमसुम्याउँदै भन्यो- “भोलिदेखि नआउनू मसँग, नत्र जमेर बरफ बन्लास्। थाहा छैन, यो बजिया हावा पनि कहाँबाट हिउँ बोकेर आउँछ। उठूँ फेरि एक चिलिम भरुँ। जेन तेन रात त कटोस्। आठ चिलिम खाइसकें। यहीं हो खेतीको मजा। एकथरि भाग्यमानी यस्ता पनि छन्, जसको नजीक जाडो गयो भने गर्मीदेखि डराएर भाग्छ। बाक्ला बाक्ला डस्ना, सिरक, कम्बल। जाडोको केही चल्दैन। भाग्यकै कुरो हो, काम हामी गरौं, मोज अरुले गरुन्।”

हल्कु उठ्यो, आगो बालेको ठाउँबाट अलिकति आगो झिकेर चिलिम भर्‍यो। जवरा पनि उठेर बस्यो।

हल्कुले तमाखु तान्दै भन्यो- “तमाखु खान्छस् ? जाडो त के हट्थ्यो र, अँ मन भने अलिकति फेरिन्छ। जवराले उसको अनुहारमा प्रेम छचल्किरहेको आँखाले हेर्‍यो। “आज एकदिन जाडो खप्, भोलिदेखि म यहाँ पराल ओछ्याइदिउँला, अनि त्यसैमा घुस्रेर सुत्नू, तब जाडो लाग्दैन।”

जवराले आफ्नो पञ्जा उसको काँधमाथि राख्यो र उसको अनुहार नजीक आफ्नो मुख लग्यो। हल्कुले जवराको तातो सासलाई नजीकै महसुस गर्‍यो। तमाखु खाइसकेपछि हल्कु जे परे पनि अब त सुत्छु भनेर पल्ट्यो, तर एकछिन पछि नै जाडोले उसको मुटु काम्न थाल्यो। कहिले एकातिर कोल्टे फर्किन्थ्यो त कहिले अर्कोतिर, तर जाडोले भने कुनै पिशाचले जस्तै उसको छाति थिचेको थिच्यै थियो। जब अन्तमा केही लागेन तब उसले जवरालाई विस्तारै उठायो र उसको टाउकोलाई हलुकासँग थप्की दिंदै काखमा सुतायो। कुकुरको शरीरबाट नमीठो दुर्गन्ध आइरहेको थियो, तर ऊ कुकुरलाई काखमा सुताएर यस्तो सुखको अनुभव गरिरहेको थियो, जुन केही महिनायता उसले पाउनै सकेको थिएन। जवरा शायद सोचिरहेको थियो कि– स्वर्ग यहीं छ। अनि हल्कुको पवित्र हृदयमा त त्यस कुकुरप्रति घृणाको लेससम्म पनि थिएन। आफ्नो कुनै अभिन्न मित्र या दाजुभाइलाई पनि ऊ यसरी नै अँगालो मार्थ्यो होला। ऊ आफ्नो दीनताबाट आहत थिएन, जसले आज उसलाई यो अवस्थामा पुर्‍याएको थियो। यस अनौठो मित्रताले मानौं, उसको आत्माका सबै ढोकाहरू खोलिदिएको थियो र त्यसका एक एक अणु उज्यालोले नुहाइरहेका थिए।

अकस्मात् जवराले कुनै जनावरको गन्ध पायो। अहिले भर्खरै पाएको विशेष आत्मीयताले गर्दा उसमा एउटा नयाँ स्फूर्ति जन्माइदिएको थियो, जो हावाका चिसा सिरेटोहरूलाई पनि तुच्छ सम्झिन्थ्यो। जवरा झट्पट् उठ्यो र त्यो सानो झुप्रोबाट बाहिर निस्केर भुक्न थाल्यो। हल्कुले निकैपल्ट उसलाई च्व च्व गर्दै बोलायो तर ऊ हल्कुकहाँ आएन, खेतको चारैतिर दगुरी दगुरीकन भुकीरह्यो। केही गरी आइहाले पनि ऊ तुरुन्तै फेरि दगुर्थ्यो। कर्तव्य उसको हृदयमा सपना जस्तै उर्लिरहेको थियो। एक घण्टा बित्यो। रातले हावाका झोकाहरूद्वारा शीत छर्न सुरु गर्‍यो।

३

हल्कु उठेर टुक्रुक्क बस्यो र घुँडालाई छातीमा जोडेर टाउको त्यहाँ लुकायो, तर पनि जाडो भने कम भएन। सारा रगत जमेजस्तो र नसाहरूमा पनि रगतको सट्टा हिउँ बगिरहेजस्तो लाग्न थाल्यो। रात कति बाँकी छ भनेर थाहा पाउन झुप्रो बाहिर यसो निहुरेर उसले आकाशतिर हेर्‍यो। सप्तर्षि तारा अझै आकाशको बीचसम्म पनि पुगेका थिएनन्। माथि पुगिसकेपछि मात्रै विहानी हुन्छ, अझै एक प्रहरभन्दा बढी रात बाँकी थियो।

हल्कुको खेतनिरै आँपको एउटा बगैंचा थियो। हिउँद शुरु भैसकेको थियो, त्यसैले बगैंचामा सुकेका पातहरूको थुप्रो लागेको थियो। हल्कुले सोच्यो– “गएर पतिङ्गर जम्मा गरुँ र तिनीहरूलाई बालेर आगो तापूँ। रातमा मलाई पतिङ्गर बटुलीरहेको कसैले देख्यो भने फेरि भूत भनीठान्न बेर छैन। के ठेगान, कुनै जनावर नै पनि त लुकेर बसीरहेको हुन सक्छ। तर अब त बसीरहन कुनै पनि हालतमा सकिंदैन।”

उसले नजिकैको दाल-खेतमा गएर केही बिरुवाहरू उखेल्यो र कुचो बनायो अनि हातमा सल्कीरहेको चिलिम बोकेर बगैंचातर्फ लाग्यो। जवराले ऊ हिंड्न लागेको देख्नासाथ नजिकै आएर पुच्छर हल्लाउन लाग्यो। हल्कुले भन्यो- “अब यहाँ बस्न नसकिने भयो जवरु। जाउँ हिंड् बगैंचामा गएर पतिङ्गर बालेर तापूँ। न्यानो भएपछि फेरि आएर सुतौंला, अझै रात निकै बाँकी छ।” जवराले कुँ कुँ गर्दै सहमति जनायो र अघि अघि बगैंचातर्फ हिंड्यो। बगैंचामा एकदमै अन्धकार छाएको थियो र अँध्यारोमा निर्दयी हावा पातहरूलाई कुल्चँदै जान्थ्यो। रुखहरूबाट शीतका थोपाहरू तपतप तल खसीरहेका थिए। अकस्मात् हावाको एक झोंका चमेली फूलको मीठो सुगन्ध बोकेर आयो।

हल्कुले भन्यो- “आहा, कत्ति मीठो बास्ना आयो हो जवरु। तेरो नाकमा पनि बास्ना आइरहेछ ?” जवराले त्यहीं भुइँमा एक टुक्रा हाड भेट्टाएको थियो र ऊ अहिले त्यही चपाउनमा मस्त थियो। हल्कुले आगो भुइँमा खन्यायो र पतिङ्गरहरू बटुल्न थाल्यो। हात ठिहिर्‍याएर काठ जस्तै हुन्थ्यो र खुट्टा जाडोले जम्न थाल्थ्यो तर ऊ पतिङ्गरहरूको पहाड बटुलिरहेको थियो, मानौं यसैको आगोमा ऊ जाडोलाई उठाएर भष्म पारिदिनेछ।

केही छिनपछि आगो बल्न थाल्यो। त्यसका ज्वालाहरू रुखका पातहरूलाई छुँदै जाँदै गर्न थाले। त्यो अस्थायी उज्यालोमा बगैंचाका अग्ला रुखहरू त्यो अथाह अन्धकारलाई आफ्नो काँधमाथि बोकेर उभिएका छन् जस्तो लाग्थ्यो। अन्धकारको त्यो आनन्द- सागरमा यो उज्यालो एउटा सानो डुङ्गा जस्तो हल्लिरहेको र नाचीरहेको जस्तो लाग्थ्यो।

हल्कु धुनी नजीकै बसेर आगो तापीरहेको थियो। एकछिन पछि उसले ओढेको ओढ्नी फुकालेर काखीमुखी च्याप्यो। दुवै खुट्टा आनन्दले पसार्‍यो, मानौं ऊ जाडोलाई चुनौति दिइरहेछ-सक्छस् भने जे मन लाग्छ गर्। जाडोको असीम शक्तिमाथि विजय पाएकोले ऊ विजयको गर्वलाई हृदयमा लुकाउन सकिरहेको थिएन। त्यसैले उसले जवरासँग भन्यो– “जवरे, अब त जाडो लागिरहेको छैन हैन ?” जवराले कुँ कुँ गर्दै मानौं भन्यो- “अब के खाली जाडै लागि रहन्छ र ?”

“पहिले यो उपाय नसुझेर पो, नत्र यति जाडो पनि किन खाइन्थ्यो र।” जवराले पुच्छर हल्लायो।

“लु आइज यो धुनीलाई नाघेर पार गरौं। हेरौं कसले चैं सक्छ, तर बुझी राख् पोलीस् भने म औंषधी-सौषधी चाहिं गर्दिन नि।”

जवराले डर भरिउका आँखाले त्यो आगोको थुप्रोलाई हेर्‍यो। “भोलि मुन्नीलाई नभन्नू नि, नत्र त फेरि झगडा गर्छे।” यसो भन्दै ऊ उफ्र्यो र सजिलै आगोभन्दा माथिबाट पारी पुग्यो। खुट्टामा ज्वालाले अलिकति भेट्यो, तर त्यो केही खास थिएन। जवरा धुनीलाई घुमेर ऊ नजीकै आएर उभियो।

हल्कुले भन्यो- “अहँ, अहँ यसरी हुँदैन।” “माथिबाट उफ्रेर नाघेर आइज।”

ऊ फेरि उफ्र्यो र धुनी नाघेर यतापट्टि आयो।

४

पतिङ्गरहरू जलिसकेका थिए। बगैंचामा फेरि अँध्यारो छाइसकेको थियो। खरानीमुनि केही आगोका फिलुङ्गाहरू थिए, जो हावाको झोक्का बहँदा बिउँझिन्थे र फेरि एकैछिन पछि आँखा चिम्लन्थे।

हल्कुले फेरि ओढ्ने ओढ्यो र तातो खरानीको नजीके बसेर एउटा गीत गुन्गुनाउन थाल्यो। उसको जीउमा न्यानोपना बढेको थियो, तर जब जब शीतले भिजाउँदै जान थाल्यो, तब आलस्यले उसलाई दबाउन थाल्यो। जवरा जोड्ले भुक्दै खेततिर दगुर्‍यो। जनावरहरूको एक झुण्ड आफ्नो खेतमा पसेजस्तो हल्कुलाई लाग्यो। शायद जंगली गाईहरूको एक झुण्ड थियो, तिनीहरू दगुरीरहेको प्रष्ट आवा कानमा आइरहेको थियो र तिनीहरू खेतमा चरीरहेको जस्तो लाग्न थाल्यो। तिनीहरूले चपाईरहेको चर-चर आवाज प्रष्ट सुनिन थाल्यो।

उसले मनमनै भन्यो- “अहँ हैन, जवरा छँदाछँदै कुनै जनावर पनि खेतमा पस्न सक्दैन। खाओस् है, मलाई भ्रम भइरहेको छ। खै, अब त केही पनि देखिंदैन। म पनि कस्तो झुक्किएछु पो।”

उसले जोडले बोलायो– “जवरा, जवरा।”

जवरा भुकी नै रह्यो, ऊ भएको ठाउँमा आएन। फेरि बाली चरेको आवाज आउन थाल्यो। अब उसले आफूलाई झुक्याउन सकेन। उसलाई आफ्नो ठाउँबाट यसो चल्मलाउनु पनि विष खानु जस्तै लागिरहेको थियो। कस्तो मज्जाले तातो भएर बसिरहेको थियो। यस्तो जाडोमा उठेर खेतमा जानु र जनावरको पछि दगुर्नु। ऊ असहाय जस्तो भयो। ऊ जोडले चिच्यायो- “दगुर। दगुर। दगुर।” जवराले फेरि भुक्यो। जनावरहरू मजाले चरीरहेछन्। बाली पाकेर लटरम्म छ। कति मजाको खेती थियो, तर यी दुष्ट जनावरहरूले उसको सर्वनाश गरेर छाड्छन्।

हल्कु मन बलियो पारेर उठ्यो र दुई तीन कदम अघि बढ्यो तर एकाएक हावाको ज्यादै चिसो र तीर जस्तो झोक्का आयो, जसले गर्दा ऊ फेरि आगो बालेको ठाउँ नजीकै गयो र खरानी खोस्रेर आगो फुक्दै आफ्नो चिसो जीउ तातो पार्न थाल्यो।

उता जवरा आफ्नो घाँटी नै फुटाउँला झैं गरी भुकिरहेको थियो, जंगली गाइहरू वाली चर्नमा व्यस्त थिए र हल्कु तातो खरानीको छेउमा शान्त भएर बसीरहेको थियो। कुनै पाशोले जस्तै अकर्मण्यताले उसलाई चारैतिरबाट जकडेको थियो, ऊ त्यहीं खरानीको छेउमै तातो भुईमाथि ओढ्ने ओढेर सुत्यो। बिहान जब उसको निद्रा खुल्यो, त्यसबेला घाम चारैतिर फैलिइसकेको थियो र मुन्नी कराइरहेकी थिई– ‘“आ आज सुती मात्रै रहन्छौ कि क्यो हो ? तिमी यता आएर रमायौ उता खेत भने चौपट भयो।”

हल्कुले उठेर भन्यो– “के तँ अहिले खेतबाट आइरहेकी होस् ?” मुन्नीले भनी- “अँ, खेत सारा सत्यानाश भएको छ। यसरी पनि कोही सुत्छ ? तिमी झुप्रो हालेर बसेको के काम लाग्यो ?”

हल्कुले बहाना बनायो– “आफू झण्डै मर्न लागेको थिएँ, तँलाई भने खेतके ध्याउन्ना छ। राती कस्तो पेट दुख्यो भन्ने कुरो मलाई थाहा छ।” दुवैजना खेततिर आए। देखे– सारा खेत जनावरले कुल्चेर चउर पारेको छ र जवरा झुप्रोमुनि जीउ फालेर लडेको छ, मानौं, उसमा प्राणै छैन। दुवै खेतको दशा हेरीरहेका थिए। मुन्नीको अनुहारमा उदासी छाएको थियो भने हल्कु प्रसन्न थियो।

मुन्नील चिन्तित भएर भनी– “अब फेरि मेला धाएर मालपोत तिर्नुपर्ने भो।”

हल्कुले प्रसन्न मुखले भन्यो “राती जाडोमा यहाँ सुत्नु त नपर्ने भो कि।”

(अनुं- रघु पन्त, साभारः मुल्याकंन मासिक, पूर्णांक ३३)

## कविता

### आस्थाहरू स्वतन्त्र हुन खोज्छन्

**ईश्वरवल्लभ**

म एकफेरा निर्लिप्त हुने मन गर्छु
ती अँध्यारा कोठाहरूझैँ, जो सधैँ कुनै बेस्यहार परेको
- परिवेश जिउँछन्।
तिमीहरू भन्छौं, ती अघिल्ला झ्यालहरू पनि अनुहार हुन्,
जस्तै बगिरहेका खोलाहरू,
जस्तै अल्झिरहेका बार्दली र झ्यालहरू।
तिमीहरूले जस्तै,
म सुन्न खोज्छु अनुहारहरू, अँध्यारोमा अँध्यारोहरूमा
यस्तो गर्दा गर्दै कतै कोलाहल बनेको त होइन ?
यस्तो गर्दागर्दै कतै हाँगाहरू बनिरहेको त होइन ?
तैपनि, ती अँध्यारा कोठाहरू झैँ
स्वरूप बनिरहेका हुन्छन्,
कतै वरिपरिको परिवेशको नाममा भित्ता बनेर
त्यता कतै ठूलो अग्निको रापले उभिन खोजेको छ,
उभिँदै र अग्लो हुँदै
अग्लो हुँदै र उभिँदै,
तिमीहरूले भन के भइरहेछ यसरी यहाँ
तिमीहरूले भन के गइरहेछ यसरी यहाँ ?

यात्रा जस्तो
जहाँ पुग्ने क्रमको कुनै रूप छैन
तै पनि तिमीलाई।
तै पनि मलाई जीउन मन लागिरहेछ
यी सबैबाहेक केही हुन मन लागिरहेछ
ती यात्रा किन बगिरहेको नदी नसोध
उत्तर छैन।
ती किरणहरू किन भाँचिरहेका, बनिरहेका नसोध,
गति छैन।
ती बिम्ब किन खोला भइरहेका, नसोध,
पानी छैन।

तैपनि एउटा मानिस मेरो सामू एउटा गिलास
म उसलाई हेर्न खोज्छु, पिइरहन्छ
उसले गिलास किन पिइरहन्छ,
एकछिन पर्ख, म केही भन्न खोजूँ तिमीलाई
कहिले काहीँ अलिकति पर्दा खोलेर बाहिर हेरेको झैँ
जो निरन्तर बाहिर भइरहन्छ
जो निरन्तर भित्र हुन सक्दैन
जब, त्यो बाहिर भइरहन्छ।

एकछिन पर्ख म कसैलाई लेखूँ, बिहान गरेर
बिहान उज्यालोको तिमीलाई उपहार हो
तर, त्यहाँ पनि व्यवधान छ,
यी सबै उसले खाएको गिलासको प्रभाव होला
उसले गिलास खाँदा, मलाई हुने गिलासको
- प्रभाव !

त्यता कतै अग्निको सल्काइले, समिधा पाएर,
अग्लो जान्छ पहेँलो तातो भएर माथिसम्म,
त्यस कुनै पनि माथिलाई सल्काउँदै,
कतै नजिक र टाढाबाट केही कर्कश
- बजिरहेर।
बजिरहन्छ अचेल कर्कश, कानैमा
फेरि बिस्तारै बिलाउँदै जान्छ त्यो हो
त्यसैले म, एकफेरा निर्लिप्त हुने मन गर्छु।
कहिलेकाहीँ छेक्छ सीमानाले
र कहिलेकाहीँ सीमानाले बाटो बगाउँछ
त्यो निर्मितिसम्म,
कसैलाई बाँच्ने मन हुन्छ त्यसैले
कसैलाई मर्ने मन हुन्छ त्यसैले।
मैले र तिमीले। तिमीहरूले यिनै कोलाहलको बीच
- यस प्रकार बाँच्ने र मर्ने मनको कुरा !
हिसाब लेखिन खोजिन्छ कहिले काहीँ
एउटा सानो केटाले भनेको आधारमा -
- आर्कीमिडिज् !
तिमीहरू जल्न चाहँदैनौ,
कोही पनि जल्न चाहँदैन,
त्यसैले कोही पनि, त्यसैले कोही पनि कोही होइन।

एउटा अग्लो टाकुरोलाई
जिस्काउँछ कुनै सानो लघुताले भने
- त्यो अस्तित्वको खोजी हो।

त्यसैले म, एकफेरा निर्लिप्त हुने मन गर्छु,
ती अनेकौँ अनुहारजस्तै
ती अनेकौँ अँध्यारोहरूजस्तै
ती अनेकौँ कोठाहरूजस्तै
र एकफेरा म स्वतन्त्र हुन खोज्छु
ती अनेकौँ आस्थाहरूजस्तै।

## कविता

### लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र

**पारिजात**

१. जीवनसाथी !
धेरै-धेरै प्यार
मलाई लाग्छ, यी स्वतन्त्र उड्ने मलेवाहरूका घाँटीमा
एउटा हृदय उनेर पठाऊँ
एउटा हृदय जडेर पठाऊँ
एउटा प्रेमपत्र झुन्ड्याएर पठाऊँ
एकपल्ट दोहोर्‍याऊँ
शताब्दीअघिको प्रेमको भावुकता
तर आजको सीमारेखा
कुन स्वतन्त्र चराले उड्न पायो र ?
यो कुँजिएको अस्तित्व
कुन सुस्केराले विश्वको हावामा बिसाउन पायो र ?

२. प्रिय !
हेर्नै नपाई आँखाबाट ओझेल भएका तिमीलाई
बोल्नै नपाई टाढा भएका तिमीलाई
मस्तिष्कमा उभ्याउने यथेष्ट साधन नै छैन
रकेटको उडानले कल्पनालाई ढिलो बनाइसकेछ क्यार
मानचित्र राखेर उड्दाउड्दै पनि
दुर्घटनामा परिदिन्छ मेरो आतुरता
अब म... अब म
सात समुद्र पार गरेर आउँदिन
तिमीलाई यहीँ म मेरै चौतारीमा हेर्छु
किनभने शरीरसँगै मेरो मस्तिष्क पनि सीमित
भएको छ
ढुङ्गामा परिणिता गौतमीजस्तै

३. प्रिय !
प्रेम एक मृगतृष्णा
प्रेम एक चखेवाको लोभ
मेरा निम्ति प्रेम एक निर्जीव सत्य
मानौँ काकाकुलको तिर्खा
मानौँ घामलाई प्रेम गर्दागर्दै सूर्यास्तमा जाम परेको
क्लिसो
यो नश्वर शरीर
यो अनन्त चाहना
तर, प्रेम दुई शरीरको मिलन
तिम्रो अँगालाभित्र म
मृत्युलाई छेकबार हालिरहेछ इच्छाको ताँती
प्रत्येक रात-
आह, म मेरा मीठा सपनाहरूलाई हेर्दै पोल्दै
गर्दै छु।

४. प्रिय !
तिमीले लेखेका थियौ
म तिम्रो वालेटको तस्विरमा मुस्कुराउँछु रे
तिमी मलाई पाएर हराउन चाहन्नौ रे
मेरो सम्झनापत्रले तिमीलाई ‘फिनिक्स’ ले
झैँ बिउँझाउँछ रे
मेरो माया तिमीलाई वटवृक्षको मायालु छाया रे
आह! यी सब इतिहासबद्ध भइसके
कसरी मैले बाँचेको थाहै नपाई
एक लामो अवधि बिताइसकेछु
अब तिमी अवश्य पाउनेछौं मलाई
‘फिनिक्स’ लाई झैँ आफ्नै खरानीमा जुनी फेरेको होइन
तर भन्नै नपाई मनको कुरा
सधैँ-सधैँका निम्ति सुतेको निद्रामा।

५. प्रिय !
म मरिसकेँ
तिम्रो प्रेमलाई आफूसँग जलाइसकेँ, गाडिसकेँ
म सुतिसकेँ
सुत्नका निम्ति छँदैछ चिरनिद्रा
तर बाँच्ने तिमी त भोलि बिउँझन्छौ नयाँ घामसँगै
तिमी नरुनू सङ्घर्षलाई व्यङ्ग्य गर्दै
तिमी मान्छौं ?
कति बलियो थियो मेरो अन्त्य
जसले अनन्तको एक हिस्सा चोइट्याएर लग्यो
कति बलियो मेरो मृत्यु
जो अमरत्वलाई नै अधमरो बनाएर गयो
प्रेम मर्दैन तर यसलाई मार्नुपर्छ
मेरो अन्त्यजस्तै तिम्रो आरम्भ पनि
बलियो हुनुपर्छ
अब यहाँ आउँछ यस पत्रको शेष
मेरो पत्रको शेष
तिम्रो ‘फिनिक्स’ को शेष
जीवनसाथी तिमीलाई
मेरो सबै प्यारको अवशेष।

समीक्षा

# देवकोटाका कविताको केन्द्रविन्दु : पागल

ऋषिराम भुसाल

**१. प्रवेश**

महाकवि देवकोटा तीनचोटि जन्मे– मुनामदनसित, शाकुन्तलसित अनि पागलसित ।– बालकृष्ण सम

बालकष्ण समले आफ्नो सारगर्भित वाक्यमा देवकोटाका तीन अनमोल रचनाको उच्च मूल्याङ्कन गरेका छन् । समको यसै वाक्यमा आबद्ध भएर देवकोटाका अन्य कतिपय उत्कृष्ट रचनाहरू– यात्री (वि.सं. १९९८), प्रमिथस (लेखन २०१० तिर, प्रकाशन २०२८) आदिसँग देवकोटा जन्मिएका होइनन् भन्न त निश्चय नै सकिदैन ता पनि देवकोटाको पच्चीस वर्षे साधनाकालमा रचना गरिएका झन्डै साढे छ सय कृति (फुटकर, खण्डकाव्य र महाकाव्य) मध्ये मुनामदन (खण्डकाव्य, १९९२), शाकुन्तल (महाकाव्य, २००२) र पागल (फुटकर कविता, २०१०) कविताको मूल्य ठम्याउने सफल प्रयास समले गरेका छन् । देवकोटीय काव्ययात्राको प्रथम चरणको शिखर कृति मुनामदन हो जसले उनलाई लोकप्रिय युवाकविका रूपमा स्थापित गर्यो । पूर्णिमाको जलधि (१९९१) कविताबाट औपचारिक घोषित काव्ययात्रा आरम्भ गरेका देवकोटाको काव्य जलधिमा पूर्णिमाको सर्वोच्च ज्वार छचल्किएको अवस्थाको अभिव्यक्ति शाकुन्तल महाकाव्य हो, जसले देवकोटालाई छत्तीस वर्षे उमेरको परिपक्व युवावस्थामा नै एक महाकवि तथा नेपाली साहित्यको प्रथम आधुनिक महाकाव्यकारका रूपमा उभ्याइदियो । देवकोटाको जीवनकालको अर्को अत्यधिक चर्चित रचना हो पागल, जसले कविलाई एकै पटकमा स्वच्छन्दतावादी आदर्शवाद र स्वच्छन्दतावादी प्रगतिवादको समुच्च शिखरमा खडा गरिदिएको छ । पागल कविता सुरुमा पढेर देवकोटाका अन्य कविता हेर्ने पाठकले अन्य कविताहरूमा पागल कविताको विवृत्तिको अनुभूति गर्छ भने अन्त्यमा पागल कविता पढ्ने पाठकले यसमा अन्य कविताको संवृत्ति (सारसूत्र)को अनुभूति प्राप्त गर्दछ । देवकोटाको समग्र काव्ययात्रालाई सूक्ष्म र साङ्केतिक तवरले आत्मसात् गर्ने यस स्तरको अर्को लघुकविता सम्भवतः उपलब्ध छैन । थोरै मात्र अतिरञ्जनासहित के भन्न सकिन्छ भने फुटकर कविताका रूपमा यो कविता महाकवि देवकोटाको समष्टि काव्यवृत्तको केन्द्रबिन्दुका रूपमा रहेको छ ।

**२. पृष्ठभूमि**

पागल कविताको जन्मका सम्बन्धमा धेरै थरी चर्चा भेटिन्छन् । चर्चाको पछिल्लो कडीका रूपमा कवि देवकोटासँग टाढाको नाताले भान्जा पर्ने जनकलाल शर्माले उल्लेख गरेको प्रसङ्ग महत्त्वपूर्ण छँदैछ भने त्यसको पृष्ठभूमिका रूपमा अन्य प्रसङ्गहरू पनि रहेका छन् । कवि देवकोटाको व्यक्तिगत एवं सामाजिक जीवनका कतिपय प्रसङ्गहरू पागल कवितासँग निकट सम्बन्धित छन् । देवकोटा अत्यन्त संवेदनशील र कल्पनाशील मनस्थितिका उच्च प्रतिभाशाली व्यक्ति थिए । असाधारण प्रतिभाले कहिलेकाहीँ पागलपनको सीमारेखालाई मेटाइदिएझैं देखिन्छ, पागल नभए पनि कहिलेकाहीँ त्यस्तो प्रभाव देखिन्छ । यस्तो अवस्था देवकोटाका जीवनमा धेरै पटक आयो, असाधारण (Extra ordinary) प्रतिभासम्पन्न व्यक्ति बेलावखतमा असामान्य (Abnormal) मनोदशाका व्यक्तिका रूपमा देखा परे । वि.सं. १९९१ र १९९२ मा क्रमशः माता र पिताको देहावसान भएपछि आफूलाई पढ्न प्रेरित गर्ने आमा र काव्ययात्रामा लाग्न प्रेरित गर्ने बाबुको मृत्युको पीडाले आहत वनेका देवकोटा पशुपति, वनकाली र भण्डारखालका वनहरूमा रात-साँझ समयसमयमा एक्लै घुम्ने र टोलाउने गरेको जानकारी पाइन्छ । उनको मानसिक सन्तुलनमा त्यसै समयमा केही व्यवधान आएको देखिन्छ । यसमा विचारणीय कुरा के छ भने यसै समयमा उनका चर्चित फुटकर कविताहरूका साथै मुनामदनजस्तो कालजयी खण्डकाव्यको प्रकाशन भएको छ र चर्चित कविहरूका पङ्क्तिमा उनको गणना हुन लागेको छ । यसै क्रममा १९९३ सालमा अङ्ग्रेजी साहित्यमा एम.ए. पास गर्ने धोको मेट्नका लागि कठोर परिश्रम गर्दागर्दै उनको मनस्थितिसमेत असन्तुलित हुन पुग्छ । (जोशी, पृ. १२४) अग्रेंजीमा एम.ए गर्ने धोको सदाका लागि अवरुद्ध हुन्छ । यसपछि उनको मनोविक्षिप्तिले यदाकदा टाउको उठाउँछ । उनलाई मानसिक उपचारका लागि राँची लगिन्छ । यहाँ स्मरणीय कुरा के छ भने देवकोटाको मानसिक उपचार गर्ने डाक्टरले देवकोटामा बेलाबखतमा देखिने मानसिक असन्तुलनको कारणका रूपमा 'भौगोलिक भूल' (जिओग्राफिकल मिस्टेक) बताए अर्थात् त्यो उदीयमान विलक्षण प्रतिभाका लागि तत्कालीन हाम्रो समाज अनुकूल थिएन, कविको प्रतिभासँग समकालीन समाजले सामञ्जस्य राख्न सक्दैनथ्यो, असाधारण प्रतिभालाई असामान्य मनोदशा ठान्ने दष्टिकोण समाजमा थियो भन्ने कुरा कवि देवकोटाको प्रतिभा र राचीका मनोचिकित्सकको अध्ययनको निष्कर्षले देखाउँछ । असाधारण प्रतिभासम्पन्न देवकोटाको जीवनकालमा यदाकदा असामान्य देखिने अर्थात् सामान्यताका लोकप्रचलित सीमारेखा उल्लङ्घन गरिएका घटनाहरू जीवनका पछिल्ला–पछिल्ला वर्षसम्म नै देखा परेका थिए । १९९७ सालतिर स्वास्थ्यलाभका निम्ति हावापानी परिवर्तन गर्ने उद्देश्यले मामाससुराली झिल्टुङमा केही महिना बस्दा पनि उनको आचरणमा केही अनौठोपन बेलाबखत देखा परेको जानकारी पाइन्छ । समयसमयमा प्रकट भएका यस्ता अनौठा क्रियाकलापका कारणले उनले पागल तथा मानसिक सन्तुलन बिग्रेको जस्ता अवाञ्छित र पीडाजनक आक्षेप सहनपर्ने अवस्था आइरह्यो । अनौपचारिक ढङ्गले व्यक्त गरिने यस्ता छद्र एवं करौटे आक्षेपहरूलाई देवकोटाले कुनै वास्ता गरेनन्, त्यसप्रति उपेक्षाभाव दर्साइरहे । परन्त, जब २०१० वैशाख-जेठ (मई १९५३) मा भारतबाट प्रकाशित हिन्दी मासिक आजकल मा ख्यातिप्राप्त विद्वान महापण्डित राहुल साङ्कृत्यायनले नेपाली महाकवि देवकोटा शीर्षकको लेखमा देवकोटाको भुरीभुरी प्रशंसा गर्दै उनलाई पागल भनेर उपचारार्थ राँची लगिएको प्रसङ्गसमेत प्रकाशमा ल्याएको घटनाले उनलाई उत्तेजित बनायो। राहुल साङ्कृत्यायनले देवकोटाको प्रतिभाको प्रशंसा गर्दै उक्त लेखमा लेखेका छन्

महाकवि देवकोटा .....मा हामी हाम्रा हिन्दीका पन्त, प्रसाद, निरालाहरूलाई सम्पूर्ण रूपमा पाउने मात्र होइन, बरु हामी उनमा प्रिय प्रवासका कवि हरिऔधलाई विकसित रूपमा पाउँछौँ भने अकोर्तिर अझै महाकवि पनि पाउँछौं जो अहिलेसम्म हिन्दीमा जन्मेकै छैन ।

त्यही लेखमा राहलले सूर्यकान्त त्रिपाठी 'निराला'मा रहेको मानसिक असन्तुलनसँग देवकोटाको मनोदशामा केही मात्रामा समानता रहेको चर्चा उठाउँदै लेखेका छन्– निरालाका केही अरू गुण पनि उनमा छन्, तर त्यति मात्रामा चाहिँ होइन । निरालालाई राँची लैजाने कुरा मात्रै कैयौं पल्ट चल्यो, तर जब देवकोटालाई घरका मान्छेहरूले विक्षिप्त ठानेर राँची लैजाने का उठाए तब उनले कत्ति पनि नाइनास्ति गरेनन् अनि राँचीको पागलखानामा पनि केही दिन बसेर आए । तर, उनी पागलचाहि होइनन् । असाधारण प्रतिभाले कहिलेकाहीं पागलपनको सीमारेखालाई मेटाइदिएझैं देखिन्छ, यही कुरा देवकोटाका बारेमा पनि हो । (राहुल ऐजन)

राहुलले आफ्नो लेखमा देवकोटाको उच्च मूल्याङ्कन नै गरेका छन् अनि उनीमाथि लागेको आक्षेपको सशक्त प्रतिवाद नै गरेका छन् तर आफ्नो अवस्थालाई यसरी सार्वजनिक गरिएको घटनालाई देवकोटाले सजिलै ग्रहण गर्न सकेनन् । उनी कुछ भए, भित्रभित्रै दखी पनि भए । राहल साङ्कृत्यायनप्रति उनी क्षुब्ध भए । आफूमाथि लागेको पागलपनको आक्षेपको प्रतिवाद गर्ने र त्यसबारेमा स्पष्टीकरण दिने उद्देश्यले उनले पागल कविताको रचना गरे । यसरी हेर्दा पागल कविता महाकवि देवकोटाको जीवनका कठोर पृष्ठभूमिमा आधारित कविताका रूपमा रचिएको देखिन्छ भने यसको प्रेरक घटना अर्थात् पछिल्लो निमित्त कारणका रूपमा राहुल साङ्कृत्यायनको लेख महत्त्वपूर्ण देखिन्छ ।

**३. विषयवस्तु सक्षेपमा**

पागल एक लामो बृहत् परिमाणको फुटकर कविता हो । १६२ वटा लामाछोटा पक्तिहरूलाई सात औपचारिक खण्डमा बाँडिएको यस कवितामा सातौं खण्ड ४९ पक्तिको एक स्वतन्त्र फुटकर कविता जत्रै छ भने तेस्रो र चौथो खण्ड पनि क्रमशः ३० र २९ पंक्तिका स-साना गद्यकविता जत्रा छन् । दोस्रो खण्डमा २३ पङ्क्ति, पाँचौमा २० पङ्क्ति र छैठौंमा ९ पङ्क्ति छन् भने सबभन्दा सानो पहिलो खण्ड २ पङ्क्ति मात्रको छ । खण्डहरू असमान परिमाणका छन् । खण्डहरूले श्लोकको काम गरेका छैनन् बरु प्रकरण वा प्रसङ्गको काम गरेका छन्। प्रस्तुत कविताको पहिलो खण्डले विषयको कलात्मक समुद्घाटन गरेको छ–

जरुर साथी ! म पागल
यस्तै छ मेरो हाल !

कविले आफूलाई पागल भन्ठान्ने समाजको आरोपलाई स्वीकार गर्छन् र आफूलाई त्यस्ता अनौठा, असामान्यजस्ता, अप्रचलित तथा अस्वीकार्य गतिविधिका लागि प्रेरित गर्ने र बाध्य तुल्याउने वाह्य (सामाजिक) र अभ्यन्तर (वैयक्तिक, भावनात्मक, मूल्यगत, वैचारिक आदि) प्रेरक र कारकहरूको विवरण प्रस्तुत गर्छन्। दोसो खण्डमा कविले कविहरूमा हुने असाधारण सूक्ष्मता, अद्भुत साहचर्य, विलक्षण कल्पनाशक्ति, तीव्रतम संवेदनशीलताको उल्लेख गरेका छन् । शब्दमा दृश्यको, दृश्यमा ध्वनिको अनि बास्नामा स्वादको अपेक्षा गरी सम्भावना, समीकरण र साहचर्यको वैचित्र्यलाई कविले प्रस्तुत गरेका छन्, त्यस्तो वैचित्र्य जसको अस्तित्व लोक मान्दैन जसको आकार संसार जान्दैन। रोमान्टिक कवितामा पाइने प्रकृतिजगत् र मानवहृदयका बीचको तादात्म्य, ऐक्यभाव, सहानुभूति र संवादको स्थितिलाई कविले यस खण्डमा उतारेका छन्। तेस्रो खण्डमा कविले आफू (एक संवेदनशील कवि) र आफूलाई पागल भनिरहेको साथी-समाजको तुलना गरेका छन् । कविको भावजगत् गणितसूत्रीय जोडघटाउमा बाँधिदैन, पाँच इन्द्रियले ठम्याइन्न, वस्तु र तर्कको ठोस-कठोर गद्यमा समेटिन्न । यसको विपरीत कविले ठम्याएको संसार कवितामय, तरल र अझ बाप्पिल हुन्छ, जहाँ सपनालाई समातिन्छ, सुन, चाँदी र सिक्काले होइन जीवनका पीडा र करुणाले स्रष्टालाई गतिमान बनाउँछन् अनि जीवनलाई सूक्ष्म र संवेदनशील चैतन्यले चियाइन्छ । यी सूक्ष्म वृत्तिहरू सर्वसाधारण र औसतन मानव समुदायले ख्याल नगरिने, नपत्याइने, कदर नगरिने तथा उपेक्षा-तिरस्कार गरिने हुनाले कविले व्यङ्ग्यपूर्वक भनेका छन्– एक नसा ढिलो छ, यस्तै छ मेरो हाल !

चौथो खण्डलाई एक छिन पर सारौं । पाँचौं र छैटौं खण्डमा यस्तै छ मोलमोलाइको उलटपुलट भन्दै कविले स्वार्थी, धूर्त, पाखण्डी र भोगविलासी समाजमा आफ्ना मूल्यमान्यताको विपरीत देशान्तर देखाएका छन्–

मैले नवावको मदिरालाई खुन भनेको छु
छिपेकी रण्डीलाई लास भनेको छु
राजालाई गरिब,
सिकन्दरलाई मैले गाली दिएको छु !
महात्मा भनाउँदाको निन्दा गरेको छु !
नगण्य व्यक्तिलाई, तर
सातौं आसमानसम्म
तारिफको पुलमा चढाएको छु ।

कविले आडम्बरी र मिथ्याचारी समाजका विकृति-वेथितिलाई आफूले सहजै आत्मसात् गर्न नसकेको तथा आफ्नो दृष्टिकोण त्यसको ठीक विपरीत भएकाले समाजसमक्ष चन्द्राहत (ागलबतष्अ, औंसी-पूर्णिमा लाग्ने) र ऐचाताना (पीडा-तनावग्रस्त) हुन पुगेको स्पष्टीकरण दिएका छन् । चौथो खण्डमा भावुक अन्वेषण र अनुभूतिको पल्लो तहसम्म पुगेको कवि-प्रतिभा र चेतनाको दैनिक व्यवहारोपयोगी सतहमा घसिंदो समाजबीचका पृथक् एवं द्वन्द्वात्मक प्रतिक्रियाहरू व्यक्त गरिएका छन् । जीवनीपरक समीक्षा गर्नेहरूका लागि यस खण्डमा महाकवि देवकोटाको जीवनका केही घटनाहरूका प्रतिविम्ब भेटिन्छन् ।

सातौं खण्ड पागल कविताको सवभन्दा लामो र अन्तिम खण्ड हो । यसमा कवि सिधै सामाजिक-राजनीतिक मैदानमा हाम फाल्छन् र त्यहाँ राजनीतिक बेइमानी र निर्लज्जता, आर्थिक शोषण, बौद्धिक-वैचारिक दुष्प्रचार र मिथ्याचार, दुर्बल र निमुखा जनतामाथि हुने अमानवीय अत्याचार तथा यो मानव वस्तीको अमानव दिनचर्या देखेर उत्तेजित हुन्छन् । उनको धैर्य र संयमको बाँध भत्किन्छ । अनियन्त्रित आवेगले उनको मुखमुद्रा उग्र, प्रचण्ड र रौद्र देखिन्छ–

हुन्छन् ठाडा मेरा रौं रौं
गर्गनका सर्पकेश झै...
कडकडाउँछन् मेरा बत्तीसदन्ते बङ्गारा
.... प्रकोपले लाललाल आँखाका डल्ला
.. उफ्रिन्छन मेरा कलपुर्जा, खलबल ।
खलबल। तुफान हुन्छ मेरो सास ।
विकृत हुन्छ मेरो चेहरा । बल्दछ मेरो दिमाग साथी ।
बड़वानल झैं, बडवानल झैं ।
म वन खाने आगो झैं बहुला हुन्छ !

यसरी न्यायनिष्ठा, स्वाभिमान र मानवीय मूल्य नभएको समाजमा न्याय, समानता र मानवीय प्रतिष्ठाको पक्षमा भावना र मनोवेगसहित खडा हुने एक प्रतिभा पागल घोषित हुन पुगेको छ । लाचारी, मिथ्याचार र दुराचार सद्दे ठहरिएको छ अनि आफू र आफ्ना जनतामाथि थोपरिएको दमन र शोषणलाई फगत् तमासे भई टुलुटुल हेर्नु नै स्वस्थ्य आचरण बनेको छ । कविताको अन्त्य-अन्त्यतिरका केही पङ्क्तिमा समग्र कविताको निष्कर्ष र स्पष्टीकरणको निचोडस्वरूप कविले आफ्नो व्यक्तित्वलाई सुन्दर चकोर, असुन्दर फोर, कोमल, क्रूर, चिडिया, स्वर्गाग्निचोर, तुफानपुत्र र पागल ज्वालामुखीको उद्गार (भयङ्कर व्यक्तित्वपालसमेत) का रूपमा परिचित गराएका छन् । यिनै उच्च चिन्तन, प्रतिभा तथा मानवतावादी अडानका कारण आफू समाजमा सहजग्राह्य हुन नसकेको व्यङ्ग्योक्ति यस कविताका पछिल्ला हरफहरूमा प्रकट गरेका छन्–

जरुर साथी ! सन्के मगज छु, सन्के !
यस्तै छ मेरो हाल !

**४. देवकोटाको काव्ययात्राका सन्दर्भमा पागल कविता**

महाकवि देवकोटाको औपचारिक काव्ययात्रा (वि.सं. १९९१-२०१६) लाई समीक्षकहरूले मोटामोटी दुई चरणमा विभाजन गरेका छन्– पूर्वार्द्ध (१९९१-२००३) र उत्तरार्द्ध (२००४-२०१६)। मूल प्रवृत्तिका दृष्टिले पूवार्धलाई रोमान्टिक आदर्शवाद र उत्तरार्धलाई रोमान्टिक प्रगतिवाद नामकरण गर्नु उपयुक्त देखिन्छ । उत्तरार्ध चरणअन्तर्गत २०१० सालपछिका देवकोटाले आफ्ना रचनाहरूलाई परिष्कार र परिमार्जन गर्न थालेका छन् । प्रमिथस महाकाव्यकै केही अंश परिष्कार गरिएका थिए भने पागल कवितामा पनि परिष्कारोन्मुख प्रवृत्ति देखिन्छ । पागल कविता रचना गरेकै अर्को दिन जनकलाल शर्माको सुझावअनुसार 'महापण्डित राहुल साङ्कृत्यायन' लेखिएको शब्दावलीबाट 'महापण्डित' शब्दबाहेक अरू शब्द हटाएर साधारणीकरणको योग्य बनाइएको थियो । यो कविता पहिला २०१० भदौरअसोजको प्रगति (साहित्यिक द्वैमासिक)मा छापिएको थियो भने २०१३ को इन्टेनी । साहित्यिक मासिक, १र७) मा पुनर्प्रकाशित हुँदा यसको पाठमा केही फेरवदल भएको देखिन्छ र यी दवैभन्दा केही फरक किसिमको पाठ पनि भेटिन्छ । अर्को करा २०१३ सालमा इन्द्रेनी पत्रिकाको प्रकाशनसँगै कवि देवकोटामा पूर्वार्ध चरणतर्फको प्रत्यागमनका लक्षणहरू पनि देखिएका छन् ( ज्वरशमना प्रकृति (२०१३), शाहजहाँको इच्छा (२०१३) तथा मुनामदन (खण्डकाव्य, २०१५) मा गरिएको परिमार्जन नै यस्ता केही लक्षणहरू हुन । यस परिप्रेक्ष्यमा पागल कवितालाई हेर्दा दोस्रो, तेस्रो र चौथो खण्डमा रोमान्टिक भावकता... प्रकतिप्रेम र आध्यात्मिक चेत (भद्दा धार्मिक-साम्प्रदायिकता होइन का आलोकपञ्जहरू भेटिन्छन् । नगण्य व्यक्तिलाई ... तारिफको पुलमा चढाएको छ भन्ने देवकोटाले दुई दशक पुरानो गरिव कवितालाई सम्झाएका छन् । कविताको चौथो खण्ड हेर्दा प्रकृतिका सूक्ष्म क्रिया र छटाहरूप्रति कविको सूक्ष्म-तीव्र संवेदनशीलता र भावानुकूल तादात्म्यको अनुभूति हुन्छ । पाँचौ, छैठौं र सातौं खण्डमा देवकोटीय काव्ययात्राको रोमान्टिक प्रगतिवादी, जनपक्षीय, विद्रोही तथा जनताको सुन्दर भविष्यका स्वप्नद्रष्टाका रूपमा कविले आफूलाई खडा गरेका छन् । यस अर्थमा देवकोटाको काव्ययात्राका सबैजसो चरणहरूको संक्षिप्त प्रतिनिधित्व पागल कवितामा भएको छ ।

**५. देवकोटाका काव्यप्रवृत्तिका सापेक्षतामा पागल कविता**

। महाकवि देवकोटाका सम्पूर्ण कवितामा व्याप्त मूलधारा हो स्वच्छन्दतावाद । महाकविका काव्ययात्रामा यसका दुई विशाल भंगाला बनेका छन्– स्वच्छन्दतावादी आदर्शवाद तथा स्वच्छन्दतावादी प्रगतिवाद । यिनै आधारभूत प्रवृत्तिअन्तर्गत मानवतावाद, जनपक्षीयता, प्रकृतिप्रेम, सहज-प्राकृतिक जीवनशैली, स्वतन्त्रता, स्वाधीनता, विद्रोही चेतना, जीवन र भविष्यप्रति आशावादिता तथा शिल्पचनामा नवीनताजस्ता प्रवृत्तिहरू देवकोटाका कवितामा उल्लेख्य रूपमा भेटिन्छन् । यस दृष्टिकोणबाट पागल कवितालाई हेर्दा एउटै लघु कवितामा धेरैजसो प्रवृत्तिहरू समाहित भएको पाइन्छ । यी पक्तिंहरू हेरौं–

म शब्दलाई देख्दछु / दृश्यलाई सुन्छु/ बास्नालाई स्वाद लिन्छु/ आकाशभन्दा पातला कुरालाई छुन्छु/ ..... म देख्दछु ढुङ्गालाई फूल/... म बोल्दछु तिनसँग, जस्तो बोल्दछन् ती मसँग ।

रोमान्टिक भावकता र सौन्दर्यन्वेषी चित्तको पराकाष्ठा झल्किन्छ यी पङ्क्तिहरूमा । तिनको घसिया गीत, गरिब, किसानजस्ता कविताका साथै शाकुन्तल महाकाव्यमा अभिव्यजित सौन्दर्य र प्रकृतिचित्रणको सूक्ष्मसङ्केत पागल कविताका पङक्तिहरूमा भेटिन्छ । आफ्नो निबन्धकारिताका सन्दर्भमा देवकोटाले लेखेका छन् ( शास्त्र गहुगो मगज भारी झाँक्राइ र रौं चिर्ने बहससँग मेरो गोर बेचेको साइनोसम्म पनि छैन । यहाँ सायद पोथीगण होला .... जो बौद्धिक शक्तिहरूसंग भन्दा हार्दिक कोमलतासंग सम्बन्ध राख्दछ ।.... रमरम बुद्धिमात्रको दावा राख्दछ । (लक्ष्मी निबन्धसङ्ग्रहको भूमिका) । यो कुरा महाकवि देवकोटाका कवितामा पनि उत्तिकै लाग हुन्छ । तिम्रो गिदी छ साथी ! र मेरो मुटु ॥ ..... तिमी बलिया गद्य छौं । म तरल पद्य छ । र ... तिम्रो संसार ठोस छरमेरो बाफर ... म सपनालाई समात्न खोज्दछु । कविका यी शब्दहरूले स्वच्छन्दतावादी भावनात्मक र सूक्ष्म चेतनालाई अघि सारेका छन् । यतिमात्र होइन, कवि पहाडलाई वाचाल महसुस गर्छन् भने गुलावमा हेलेन र पद्मिनीको सौन्दर्यको सारतत्त्व भेटछन । प्रकृतिलाई कविले कतिसम्म आत्मीय मानेका छन् भने वसन्तको कोकिल सुनेर कवि नाचेका छन् र तुफानसँग मिलेर गीत गाएका छन् भने औंसीको अँध्यारोमा निसास्सिएका छन् । कविताका पाँचौं र छैटौं खण्डमा कवि समाजका विकृतिहरूप्रति कठोर आलोचक वनेका छन् र परम्पराले सम्मान गरेका कतिपय विषयलाई उनले विस्थापित गरिदिएका छन् । नवावको मदिरामा कविले जनताको रगत देखेका छन्, शोषण गरेर दौलत चुलिएका राजालाई मानवीय मूल्य र भाव नभएका आध्यात्मिक रूपले कङ्गाल देखेका छन् । शासक समाजका पण्डितहरूलाई कविले महामूर्ख ठानेका छन् भने शोषण र अपमान गरिएकाहरूलाई मूल्यमान्यता र प्रतिष्ठाको अग्रपङ्क्तिमा स्थापित गरेका छन्। द्वन्द्वात्मक निषेधको प्रक्रियामा मूलधार किनारा लागेको छ, सीमान्तीकृत (नगण्य व्यक्ति, अन्धा र विफल मानिएकाहरू) लाई केन्द्रमा ल्याइएको छ, शासक (नवाव) नररक्तपिपासु बनेको छ । २००३ सालदेखि सुलोचना महाकाव्य र साँढे कविता हुँदै विकसित भएको आलोचनात्मक र व्यङ्ग्यात्मक चेतनाले पागल कवितामा आइपुग्दा नौलो उचाइ छोएको छ । यसै गरी पहाडी पुकार (२००५ भदौ) हुँदै विकसित भएको क्रान्तिकारी, परिवर्तनमुखी विद्रोही चेतना पनि मानवतावादी प्रमिथसको स्मरणसहित पागल कवितामा विष्फोटित भएको छ । महाकवि देवकोटाको यति विद्रोही व्यक्तित्व यति सशक्त अभिव्यक्तिमा अन्यत्र कहीं प्रकट भएको छैन, प्रमिथस महाकाव्यमा पनि यो आवेग र उत्तेजताले वाणी पाएको छैन ।

रोमान्टिक-प्रगतिवादी देवकोटा पागल कविताका उत्तरार्द्धमा प्रकट भएका छन् । जनअधिकारको डंडाल्नो भाँचिनु, राजनीतिक नेतृत्व निर्लज्ज हुनु, वाघले मृग खान लाग्न वा ठूला माछाले सानासाना माछा निल्न थाल्नु तथा मानवमाथि मानवीय व्यवहार नहुनु– जनपक्षीय मानवतावादी देवकोटाका निम्ति असह्य कुरा हुन् । त्यस्ता दुच्छर गतिविधिका विरुद्ध उग्र उत्तेजनाका साथ उनी जाइलाग्न चाहन्छन् पागल कवितामा । कविको आग्रह छ– साधारण मानिसको पनि प्रतिष्ठा होस्, सामाजिक दायित्वको चेतना नभएका व्यक्तिहरू तपस्वीका रूपमा नपुजियून, जनअधिकारको हनन नहोस्, जनताले शोषण र दमन बेहोर्नु नपरोस्, तथाकथित ठूलाबडा-बाघ ठूला माछा को हैकम नचलोस्, बौद्धिकताका नाममा जनतामा मिथ्याप्रचार नगरियोस् अनि नेतृत्वदायी वर्ग निर्लज्ज होइन जनउत्तरदायी बनोस् । काव्ययात्राको पूर्वार्द्ध वा २००३ सालसम्म आदर्शवादी मानवतावाद अङ्गीकार गरेका देवकोटामा निरपेक्ष कोमलता. शान्ति, प्रेम र एकान्त प्रकृतिपरस्त प्रवृत्ति प्रवल पाइन्छ र पागल कविताको आरम्भमा पनि पूर्वार्द्ध चरणका यिनै प्रवृत्तिहरू देखा पर्दछन् भने उत्तरवर्ती देवकोटाका काव्यप्रवृत्तिहरू पनि यसै कवितामा व्यङ्ग्य, विरोध र विद्रोहका रूपमा व्यक्त भएका छन् । सुन्दर चकोरमात्र होइन असुन्दरलाई फोर्ने विद्रोही पनिस कोमलमात्र होइन क्रूर पनि, उन्मुक्त आनन्दी 'चिडिया' मात्र होइन तुफानपुत्र पनि स अनि स्वर्गको आगो चोरेर पृथ्वी न्यानो पार्ने शान्तिदूत मात्र होइन भयङ्कर व्यक्तित्वपाल तथा पागल ज्वालामुखीको उद्गार पनि बनेको छ पागल कविताको कवि। यसरी देवकोटाको समग्र काव्यसाधनाको केन्द्रीय कथ्यका रूपमा लेखिएको छ यो कविता ।

**६. उपसंहार**

पक्तिंपक्तिंको व्यवस्थित अडानसहित लययुक्त गद्यमा लेखिएको पागल कवितामा अपेक्षित परिष्कार केही बाँकी देखिए पनि देवकोटाको प्रवाहपूर्ण, सुस्पष्ट, भावप्रवण र स्वस्फूर्त परिष्कारयुक्त कविता हो यो । कविका फुटकर कविताहरूमा पागलसँग तुलना गर्न सजिलो हुने यात्री नै हो, जसमा जनअभिरुचि प्रचुर रहेको छ । देवकोटाको काव्ययात्राको पूर्वार्धको शिखर कविता यात्री हो र शिल्प-परिष्कारका साथै भावविचारको उच्चकोटिको संयमका आधारमा यो कविता देवकोटाको अति विशिष्ट सिर्जना हो । यता पागलका सम्बन्धमा के भन्न सकिन्छ भने देवकोटाका पूर्व चरणका उपलब्धिहरूलाई प्रायः सुरक्षित राख्दै उत्तरवर्ती चरणमा देखा परेका परिवर्तन र विकासको परिणाम हो यो कविता । बौद्धिक चाप मन नपराउने देवकोटा भावको प्रवाहमा बग्दावग्दै पनि यस कवितामा विवेकको रक्षाको वकालत गर्छन्, सञ्चार माध्यमहरूले मिथ्याप्रचार गरेर जनतालाई जहर पिलाएकोमा क्रुद्ध हुन्छन् भने समाजमा असत्य मौलाउदै गएकोमा आक्रोशित हुन्छन् ।

» क्रमश...

**बुटवलको...**

लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्णप्रसाद नेपालले जिल्लाभन्दा बाहिर दर्ता भएर आएका बहुउद्देश्यीय सहकारीमा रकम जम्मा नगर्न अपिल गर्दै प्रदेशमा २३ वटा सहकारीमा समस्यामा रहेको जसमध्ये १३ वटा बहुउद्देश्यीय र ९ वटा बचत तथा ऋण सहकारी रहेकोमा सनराइज बहुउद्देश्यीय पनि थपिन पुगेको बताउँदै दर्ता गर्ने कार्यालयले अनुगमनमा कडाइ गर्नसमेत अध्यक्ष नेपालले सुझाए ।

जिल्ला बचत तथा ऋण सहकारी संघ रुपन्देहीका अध्यक्ष तथा प्रदेश बचत संघका महासचिव बसन्तप्रसाद ढकालले बहुउद्देश्यीय सहरकारीको दर्ता प्रक्रिया स्थानीय तहमा दिन नहुने उल्लेख गर्दै बहुउद्देश्यीय सहरकारीको ठगी गर्ने नियतबाहेक अरु नभएको र केही बचत ऋण सहकारीले पनि बदमासी गर्दै गएकाले सम्बन्धित निकायले दर्ता लिँदा लिने, तर समस्या आएपछि पन्छिने प्रवृत्ति गलत भएको बताउँदै जिम्मेवार भएर नागरिकको पैसामा खेलबाड नगर्न जिकिर गरे ।

उनले भने-'बाहिरी जिल्लामा दर्ता भएर शाखा सञ्चालन गरेका सहकारीहरुमा समस्या देखिँदै आएको छ । म आमनागरिकलाई जिल्लाभन्दा बाहिर दर्ता भएका सहकारीमा रकम बचत नगर्न आग्रह गर्छु । तथापि तीनै तहका सरकारले सहकारीको नियमन र कारबाही प्रक्रियामा जिम्मेवार भएर जवाफदेही हुनुपर्छ ।' लुम्बिनी प्रदेशमा उजुरी परेर कारबाही प्रक्रियामा रहेका आयाम बहुउद्देश्यीय, सुनौलो, मञ्जुश्री बहुउद्देश्यीय, सप्तदीप, स्टार, सार्थक बहुउद्देश्यीय, मार्ग दर्शन, साइन, विश्व विराट, उपकार, उपदेश, शिव शिखर र सनराइज र बचत ऋण सहकारीमा सुप्रिम र आगन्तुक रहेको जनाइएको छ ।

**सेजको...**

'वस्तु निर्यात गर्ने उद्योगहरुलाई सेजमा ल्याउने वातावरण बनाउनुपर्छ,' उनले भने-'सेज बचोस् र सेज सञ्चालनका लागि प्रयास जारी रहोस् ।'

अनुगमनमा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिका सभापति अब्दुल खान, सदस्यहरु तथा प्रतिनिधिसभा सदस्य कान्तिका सेजुवाल, गणेश पराजुली, रमा कोइराला पौड्याल, रुकमणी राना बराइली, रेखा यादव, हेमराज राई, रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादव, भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीलगायत सहभागी थिए ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिकी सदस्य रेखा यादवले सिमेन्ट लगायत वस्तुको मूल्यवृद्धि भएको उजुरी आएपछि वास्तविक अवस्था बुझ्न लुम्बिनी प्रदेशमा रहेका उद्योगहरुको स्थलगत अनुगमन गरिएको बताइन् ।

## अधिकृत वारेसनामा बदर गरेको बारेको सूचना

राम अघारे केवटको बुहारी राम हरख केवटको श्रीमती जिल्ला नवलपरासी साविक बडहरा दुबौलिया गा.वि.स. वडा नं. १ हाल सरावल गाउँपालिका वडा नं. ४ बस्ने ना.प्र.नं. ३६३०६३/८ जि.प. का नवलपरासी जारी मिति २०६३/१०/२७ भएकी वर्ष ५१ की पानमति केवट आगे, वादी म निवेदक र प्रतिवादी सिर्फलाल केवट समेत भएको मु.नं. ०८१-CP-०१४३ को अंश नामसारी मुद्दामा नवलपरासी जिल्ला अदालतमा मिति २०८१।१२।१३ गते भएको मिलापत्र बमोजिम मेरो भागमा परेको जिल्ला नवलपरासी सरावल गा.वि.स.वडा नं. ९ ख कि.नं. २९१ को क्षेत्रफल ज.वि.०-९-१६-० कित्ता -१, ऐ.ऐ. कि.नं. ५५३ को ज.वि. ०-२-२-०.५ कित्ता-१, र ऐ.ऐ. कि.नं. ५४५ को क्षेत्रफल ०-१-१८-० कित्ता-१ समेत ३ कित्ता जग्गा मेरो अंश भागमा परी भएको मिलापत्र बमोजिमको जग्गा सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई मेरो नाममा दा.खा. नामसारी गरी हक हस्तान्तरण बेचविखन गर्न समेतको लागि मैले मेरो देवर नाताका व्यक्ति मनिराजको नाति राम अघारे केवटको छोरा जिल्ला नवलपरासी साविक बडहरा दुबौलिया गा.वि.स.वडा नं. १ हाल सरावल गाउँपालिका वडा नं. ४ बस्ने ना.प्र.नं. ६९३४२ जि.प्र.का. नवलपरासी जारी मिति २०६०/४/२५ भएका वर्ष ४८ को सिर्फलाल केवटलाई नवलपरासी जिल्ला अदालत मार्फत मिति २०८१/१२/१९ गते अधिकृत वारेसनामा लेखिदिएकोमा निजले मलाई घरबाट निकाला गरी मेरो जीवन असुरक्षामा पारी मेरो सम्पत्ति हक दुरुपयोग गर्ने सम्भावना भएकोले उक्त अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) (ग) बमोजिम बदर गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीलाई यो सूचना प्रकाशित गरिएको छ ।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# गाउँपालिकाका अध्यक्षमाथि गोली प्रहार



कपिलवस्तु । कपिलवस्तु जिल्लाको शुद्धोधन गाउँपालिकाका अध्यक्ष कमलेशशरण चौधरीमाथि बिहीबार मध्यरातमा गोली प्रहार भएको छ।

गएराति ११:३० बजेको समयमा मायादेवी गाउँपालिका वडा नं. १ पकडीस्थित उनको निवासमा नै गोली प्रहार भएको जानकारी आएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रवक्ता प्रहरी नायव उपरीक्षक मोहनमणि अधिकारीले जानकारी दिए।

अध्यक्षलाई लक्षित गरी प्रहार भएको गोली भित्तामा लागेको प्रहरीको भनाइ छ। राति विद्युत् गएको समयमा चौधरी शौचालय गएर फर्कने क्रममा आफूमाथि गोली प्रहारको घटना भएको जानकारी दिएको स्पष्ट पार्दै घटनास्थलबाट एक थान गोलिको खोका बरामद भएको नायव उपरीक्षक अधिकारीले जनाए। घटनाबारे थप अनुसन्धान अघि बढेको उनले जानकारी दिए।

# कक्षा १२ को परीक्षा स्थगित भएको छैन : परीक्षा बोर्ड




काठमाडौं। राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी, भक्तपुरले यही बैशाख ११ गतेबाट सञ्चालन हुने गरी तय भएको कक्षा १२ को वार्षिक परीक्षा स्थगित नभएको जनाएको छ। विद्यार्थीवर्गमा भ्रम सिर्जना हुने गरी परीक्षा स्थगित गरिएको भ्रामक सूचना विभिन्न सामाजिक सञ्जालमा सम्प्रेषण गरिएकोप्रति बोर्डले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

परीक्षासम्बन्धी आधिकारिक सूचना बोर्डले आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्दै आएको र आगामी दिनमा समेत सो मार्फत् सूचना प्रवाह गरिने जनाएको छ। अन्य स्रोतबाट प्रवाह हुने सूचनामा भर नपर्न बोर्डले सरोकारवाला सबैमा अनुरोध गरेको छ।

"परीक्षाजस्तो संवेदनशील विषयमा बोर्डको लेटरप्याडमा अध्यक्षको 'स्क्यान्ड' हस्ताक्षर राखी अनधिकृत र भ्रामक सूचना सम्प्रेषण गर्नेउपर साइबर कानुनअनुसार आवश्यक कारबाहीका लागि प्रक्रिया अगाडि बढाइएको छ," जारी सूचनामा भनिएको छ-"बोर्डको आधिकारिक वेबसाइटबाहेक अन्यत्रको समाचार तथा सूचनामा विश्वास नगरी परीक्षाको तयारीलाई धैर्यतापूर्वक निरन्तरता दिनहुन सम्पूर्ण विद्यार्थीहरूमा अनुरोध छ।"

सहज वातावरणमा परीक्षा सञ्चालनका लागि समन्वय र सहकार्य गर्न बोर्डले अभिभावक, शिक्षक एवं प्रधानाध्यापकहरूमा अपिल गरेको छ।

# गुराँससँग रमाउन रायराँयकोटमा पर्यटक



गलकोट (बागलुङ) । बागलुङको चर्चित धार्मिक पर्यटकीय क्षेत्र पञ्चकोटसँग जोडिएको रायराँयकोटमा गुराँस फुल्न थालेपछि आन्तरिक पर्यटकको आगमन बढेको छ । बागलुङ नगरपालिका-७ बौलुङमाथिको डाँडामा रहेको धार्मिकस्थल रायराँयकोट क्षेत्रमा यतिबेला गुराँसले राताम्ये भएको छ।

प्राकृतिक दृश्वाअवलोकनका लागि उपयुक्त गन्तव्य बनेको रायराँयकोटमा गुराँस फुलेपछि पर्यटकको आगमन बढेको स्थानीय बताउँछन्। रायराँयकोटमा वैशाख र जेठमा स्थानीय समुदायले वर्षादेवका रूपमासमेत पूजाआजा गर्दै आएका छन्।

उक्त स्थानमा पुग्नेको संख्या अहिले दिनप्रतिदिन बढ्दै गएको स्थानीय तेजप्रसाद न्यूरेले बताए। "पूर्वाधार निर्माण र प्रचारप्रसारका कारण रायराँयकोट पछिल्लो समय चर्चामा छ। गुराँस फुलेसँगै रायराँयकोट मनमोहक देखिएको छ। धार्मिक तथा प्राकृतिक हिसाबले अत्यन्तै महत्त्वपूर्ण मानिएकाले पछिल्लो समय यहाँ पुग्ने आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुँदै गएको हो।"-उनले भने।

न्यूरेका अनुसार धार्मिक पर्यटकीय क्षेत्रका रूपमा चर्चित पञ्चकोटमध्येको एक रायराँयकोटमा पछिल्लो दैनिक तीन सय बढी आन्तरिक तथा बाह्य पर्यटक यहाँ पुग्ने गरेका छन्। "पहिले पूजाआजा गर्न मात्र आन्तरिक पर्यटक यहाँ आउने गरेकामा पछिल्लो समय अवलोकनसँगै बास बस्ने गरी पनि पर्यटक आउन थालेका छन्", उनले भने-"पदमार्ग, खानेपानी, शौचालय, सत्तललगायत धार्मिक पूर्वाधार निर्माण भएपछि अहिले गुराँससँग फोटो खिच्ने, टिकटक बनाउने र हिमशृंखला हेर्न दैनिक तीन बढी पर्यटक यहाँ पुग्ने गरेका छन्।"

सडक मार्ग हुँदै बागलुङ बजारबाट दुई घण्टामा पुग्न सकिने उच्च पहाडमा रहेको रायराँयकोटले आन्तरिक पर्यटक तान्दै आएको छ। सवारीसाधनका माध्यमबाट यहाँ पुगेकी रेणु केसीले बागलुङ बजारको कोलाहल छल्ने नजिकको स्थानका रूपमा रायराँयकोट बनेको बताइन्।

उनका अनुसार उच्च पहाड संसारकोटसम्म फैलिएको पाँचकोटले धार्मिक मार्गको रूपमासमेत विकास गरेको थियो। यहाँ गैरागाउँ, तितौरे, बाटुले, तग्राम, मूल्पानी, तित्याङ र मालिकालगायत विभिन्न स्थानबाट वर्षादेवका रूपमा पूजाआजा गर्ने प्रचलन रहेको उनले जानकारी दिइन्।

गण्डकी प्रदेश सरकारको पर्यटन मन्त्रालयका अनुसार रायराँयकोटमा अहिलेसम्म रु २० लाखको पूर्वाधार निर्माण भइसकेको छ। मन्दिरको छाना छाउने, पुरानो घण्टी संरक्षण, सत्तल निर्माण, पर्खाल निर्माण र मैदान बनाइएको छ। रायराँयकोटमा पुग्नेस्तरीय सडक बनाउन आवश्यक छ। पञ्चकोटबाट संसारकोट पुग्ने पदमार्ग निर्माणका लागि रु ५० लाख बजेट सङ्घीय सरकारको पर्यटन मन्त्रालयबाट विनियोजन गरिएको छ। साथै करिकोटबाट माभ्कोटसम्म पदमार्ग निर्माण भइरहेको छ। रायराँयकोटमा लिफ्टमार्फत् स्थानीयलाई खानेपानी पुऱ्याइएको छ। ठूलो ढुङ्गाको छेडमा परापूर्वकालदेखि पूजा गरिने यस स्थानमा विसं १९२६ मा चन्द्रप्रसाद गौचनले चढाएको घण्टी संरक्षित रहेको स्थानीय बताउँछन्।

पाँचकोटअन्तर्गत तारजालकोट, कारिकोट, माभ्कोट, रायराँयकोट र संसारकोटलाई पञ्चकोटका रूपमा प्रचार गरी अहिले पञ्चकोट धार्मिक गन्तव्य बनाइएको नगर कार्यालयले जनाएको छ।

# कृषकलाई आधुनिक र व्यवसायिक बनाउँदै मालारानी



**प्रेमनारायण आचार्य**

*अर्घाखाँची*

अर्घाखाँचीको मालारानीमा कृषकहरुले व्यवसायिक रुपमा आधुनिक तवरबाट कृषि र पशुपालन गरेर मनग्य आम्दानी गर्न सफल भएका छन्।

आफ्नै गाउँमा पसिना बगाएर पनि केही गर्न सकिन्छ भन्ने सोँचका साथ कृषकहरु व्यवसायिक कृषि र पशुपालनमा लागेका हुन्। परम्परागत बाख्रापालन गर्दै आएका कृषकहरुलाई मालारानी गाउँपालिकाले मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन गरेर आधुनिक र प्रविधिमैत्री बनाएको छ।

विदेशमा रोजगारी गरेर फर्किएर आधुनिक तवरबाट बाख्रापालन सुरु गरेको मालारानी ६ गौराडाँडाका कृषक प्रेमबहादुर घर्तीमगरले बताए। उनले नेपालमै केही गर्न पर्छ र गाउँमै पनि कृषि र पशुपालनबाट जीवन चलाउन सकिन्छ भन्ने मान्यताका साथ आधुनिक खोर निर्माण गरेर बाख्रापालन सुरु गरेको बताए। गाउँपालिकाले हेफरको साझेदारीमा बाख्रापालनमा विभिन्न किसिमको सहयोग गरेपछि सजिलो भएको उनको भनाइ छ।

मालारानी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग र ग्रामीण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल अर्घाखाँचीको सहजीकरणमा मालारानी गाउँपालिकामा सञ्चालन भएको मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना मालारानीका ९ वटै वडामा सञ्चालन भएको गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराईले जनाए।

१३ सय ५० महिला र १ सय ५० युवा गरी १५ सय परिवारलाई ६० वटा उद्यमी समूहमा आबद्ध गरी सहकारीमा संगठित गर्दै सामाजिक पुँजीको अभिवृद्धि गर्ने मुख्य उद्देश्य रहेको गाउँपालिकाले जनाएको छ।

सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्ने, उन्नत नश्लका बिउ बाख्राको प्रवर्धन तथा घाँसखेतीको प्रवर्धन गर्ने, कृषक परिवारहरुलाइ प्राविधिक तथा क्षमता विकासका तालिमहरु सञ्चालन गरेपछि कृषकहरु लाभान्वीत हुन सुरु गरेको पालिकाका अध्यक्ष भट्टराईको भनाइ छ।

महिला समूह तथा युवा समूह गठन तथा परिचालन, सहकारी संस्थाहरुको सुशासन तथा संस्थागत विकास र सुदृढिकरण, उत्पादित कृषि तथा पशु उपजको संकलन, बजारीकरण तथा व्यवस्थित संकलन केन्द्र विकास गर्दै बाख्रा, दूध, तरकारी तथा फलफूल व्यवसायका अतिरिक्त खोर, गोठ सुधार र जिउँदो पशुपंक्षी तौलने उपकरणको व्यवस्था समेत यस परियोजनामार्फत् गरिँदै आएको हेफर इन्टरनेशनलका वरिष्ठ कार्यक्रम अधिकृत राधाकृष्ण शर्माले जानकारी दिए।

कृषि र पशुपालनको माध्यमबाट स्थानीयलाई स्वरोजगार र आर्थिक रुपमा बलियो बनाउन सकिन्छ भन्ने मान्यताका साथ पालिकामा रहेका ९ वटै वडामा खाद्यान्न तथा नगदे वाली, तरकारी, बाख्रा विकास, गाई भैंसी प्रवर्धन, महिला सशक्तिकरण तथा क्षमता विकास, कृषि तथा पशु वस्तुको बजारीकरण, चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन र सहकारी संस्थाहरुको संस्थागत विकास तथा सुशासनका क्षेत्रमा कार्यक्रम सञ्चालन भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले जानकारी दिएका छन्। जसको मुख्य उद्देश्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि तथा रोजगार सिर्जना गरी जीविकोपार्जनमा सुधार गर्नु रहेको छ।

कृषकहरुलाई स्वावलम्बी समूहहरु तथा सहकारीमा आबद्ध गर्दै सामाजिक पुँजीको अभिवृद्धि गर्नु, व्यवसायिक कृषि तथा पशु वस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु, सहकारीहरुलाई व्यवसाय केन्द्रका रुपमा विकास गरी कृषि तथा पशुवस्तुको सामूहिक बजारीकरणका लागि सक्षम बनाउने कार्यहरु पनि गर्दै आएको छ। कृषि तथा पशु वस्तुहरुको उत्पादनलाई बजारीकरण गर्नका लागि निजी क्षेत्रको सहकार्यमा बजार सम्बन्ध विस्तार गर्ने कार्य समेत गरिँदै आएको परियोजना संयोजक दिनेश बेल्वासेले जानकारी दिए।

परियोजनाको कुल बजेट ३ करोड ३३ लाख ३३ हजार ३ सय ३३ रहेको छ। जसमा मालारानी गाउँपालिका तर्फको बजेट २ करोड ३३ लाख, ३३ हजार ३ सय ३३ र हेफर प्रोजेक्ट नेपालको बजेट १ करोड रहेको परियोजनाका लेखा अधिकृत अर्जुन खनालले बताए। कार्यक्रम सञ्चालनको अवस्था र कार्यन्वयन तथा कृषकहरुले गरेका बाख्रापालनको मालारानी गाउँपालिकाले स्थलगत अनुगमन गरेको छ। मालारानी गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराईको संयोजकत्वमा गएको अनुगमन टोलीले स्थलगत अनुगमन गरेको हो।

अनुगमनमा प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराई, योजना अधिकृत नेत्रप्रसाद खनाल, हेफर इन्टरनेश्नलका वरिष्ठ कार्यक्रम अधिकृत राधाकृष्ण शर्मा, सल्लाहकार शम्भुप्रसाद पोखेल, परियोजना संयोजक दिनेश बेल्वासे, फोकल प्रसन प्रभा पोखेल, लेखा अधिकृत अर्जुन खनाललगायतको सहभागिता रहेको थियो।

# प्रि-मनसुन विपद्‌बाट ४१ को मृत्यु

काठमाडौं । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रि-मनसुनको समयमा हुने विपद्को जोखिमबाट बच्न आवश्यक सावधानी अपनाउन अनुरोध गरेको छ।

अहिले प्रि-मनसुनको अवधि छ। साधारणतया मध्य फागुनदेखि मध्य जेठसम्म अर्थात् अंग्रेजी महिनाको मार्चदेखि मेसम्मको समयलाई प्रि-मनसुन भनिन्छ।

प्रि-मनसुनमा स्थानीय वायुको प्रभावले सामान्यतया दिउँसो, साँझपख र राति मौसम खराब भई नेपालका केही स्थानमा असिना-पानी पर्ने, हावाहुरी चल्ने, मेघगर्जन र चट्याङ पर्नेजस्ता मौसमी गतिविधि भइरहेको प्राधिकरणले जनाएको छ।

हाल देशमा मुख्यतया स्थानीय वायु तथा पश्चिमी वायुको प्रभावले केही स्थानमा मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम खण्डित वर्षा भइरहेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार यो मौसमी अवस्था अझै केही दिन रहने देखिन्छ।

"यसपालिको प्रि-मनसुनको हालसम्मको अवधिमा विपद्जन्य घटनामा परी ४१ जनाको मृत्यु र २५७ जना घाइते हुनुभएको छ। करोडौँ रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ।"- प्राधिकरणद्वारा शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ।

मुलुकको संवैधानिक प्रावधान र संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम हुँदै आएको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका निम्ति स्थापित कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र स्थानीय तहदेखि केन्द्रसम्म क्रियाशील संस्थागत संरचना र संयन्त्रको प्रभावकारी परिचालन जरुरी रहेको प्राधिकरणले औँल्याएको छ।

प्राधिकरणले प्रि-मनसुनको अवधिमा मौसमी अवस्थाको कारणले घट्न सक्ने विपद्जन्य घटनाबाट सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न जिम्मेवार सबै निकाय कार्यजिम्मेवारीअनुसार सक्रियतापूर्वक परिचालित हुन अनुरोध गरेको छ।

"राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभागलगायत निकायबाट जारी हुने विपद्सम्बन्धी सूचना, पूर्वानुमान एवं चेतावनीको पालना गर्न र विपद्बारे चासो राखी एवं चनाखो बनी विपद् सुरक्षित नेपाल निर्माणमा साथ र सहयोग पुऱ्याउनु हुन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सबैमा हार्दिक अनुरोध गर्दछ।"- विज्ञप्तिमा भनिएको छ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com